## वैठक संख्या ४१

## २०७५/११/१९ को गाउँ कार्यपालिकाको वैठकको निर्णयहरुः

(१) प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिकामा हाल सम्म पनि सुरक्षा निकायको स्थायी/ अस्थायी कुनै पनि संरचना नभएको हुँदा यस गाउँपालिका अन्तर्गतको साविक देउराली गा.वि.स.को भवन रहेको कि.नं१२४४ को जग्गामा इलाका प्रहरी कार्यालय स्थापनाको लागि सिफारिस गरी पठाईएको मा सम्बन्धित निकाय बाट स्थलगत निरीक्षण गर्दा उक्त जग्गा इलाका प्रहरी कार्यालय स्थापनाको लागि भवन निर्माण गर्न जग्गा अप्रर्याप्त हुने भएकोले हुप्सेकोट -४ इयालवासको साविक हुप्सेकोट ९ कि.नं.१०२२ को जग्गा मध्ये बाट पूर्व तर्फ वाट इलाका प्रहरी कार्यालय स्थापनाको (भवन निर्माण) लागि आवश्यक जग्गा उपलब्ध गराउने निर्णय गरियो ।.

(२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको हालको जनसंख्या करिव ४०,००० भएको भएता पनि हालसम्म यस गाउँपालिकामा कुनै पनि प्राथामिक स्वास्थ्य केन्द्र अस्पतालको निर्माण नभएको हुँदा २५ शैयाको अस्पताल निर्माणको लागि गाउँपालिका बाट तयार पारिएको लागत इस्टिमेट र नक्सा अनुसारको लागत खर्चमा गाउँपालिकाको १०% लागत साझेदारी हुने गरी यस गाउँपालिकाको वडा नं. ३ को चौरङ्गीमा साविक देउराली ४ ख को कि.नं. ८५ को जग्गामा २५ शैयाको हस्पताल निर्मणको लागि सामाजिक विकास मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

(३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा सम्पत्ति कर कार्ययोजना आगामी गाउँसभाबाट स्वीकृत गरी आ.व.२०७६ श्रावण वाट सम्पत्ति कर लागू गर्ने गरी तपसिलको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

## सम्पत्ति कर कार्यान्वयन कार्ययोजना

| क.सं. | क्रियाकलाप | समय अवधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | कार्य योजना निर्माण र स्वीकृति | २०७५ फागुन मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| २ | सम्पत्ति कर व्यवस्थापन कार्यविधि निर्माण र स्वीकृति | २०७५ फागुन मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | मूल्याङकन समिति गठन | २०७५ फागुन मसान्त | गाउँपालिका अध्यक्ष |
| ४ | जग्गाको क्षेत्र विभाजन र न्यूनतम मूल्याङकन | २०७६ वैशाख १५ गते सम्म | मूल्याङकन समिति/वडा समिति |
| ५ | घरहरुको वर्गीकरण र न्यूनतम् मूल्याङकन दर निर्धारण | २०७६ वैशाख १५ गते सम्म | मूल्याङकन समिति/वडा समिति |
| ६ | फारमहरुको तयारी र छपाई | २०७६ वैशाख मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ७ | सूचना प्रवाह छलफल अन्तरर्क्रिया | २०७५ चैत्र मसान्त | सूचना प्रविधि शाखा/ वडा कार्यालयहरु |
| ८ | स्वयंम् घोषणा फारमको वितरण | २०७६ वैशाख मसान्त बाट | वडा कार्यालय |
| ९ | सफ्टवेयरको स्थापना र कर्मचारीको प्रशिक्षण | २०७६ जेठ १५ गते सम्म | प्रमुख प्रशासकीय अधिकृत / सूचना प्रविधि शाखा |
| १० | भौतिक पूर्वाधार निर्माण | २०७६ जेठ १५ गते सम्म | प्रमुख प्रशासकीय अधिकृत /जिन्सी |
| ११ | करको दर निर्धारण | २०७६ अषाढ १० गते भित्र | गाउँसभा |
| १२ | सम्पत्ति कर संकलन | २०७६ श्रवण १ गते बाट | राजश्व शाखा /वडा कार्यालय |

(३) प्रस्ताव नं. ४ माथि छलफल गर्दा शसर्त अनुदान बाट शिक्षा क्षेत्रलाई विनियोजन भएको रकम वाट तपसिलको विद्यालयहरुलाई तपसिलको कार्यक्रम योजना संचालन गर्ने गरी स्वीकृति दिने निर्णय गरियो ।

| क.सं. | विद्यालय | वडा नं. | शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | हुप्सेकोट मा.वि. | ६ | पुस्तकालय | ६,५०,०००।- |
| २ | हुप्सेकोट मा.वि. | ४ | विज्ञान प्रयोगशाला | ६,५०,०००।- |
| ३ | शिक्षा वोधनी आ.वि. | ५ | शौचालय | ७,००,०००।- |
| ४ | नेपाल शान्ती मा.वि. | ३ | शौचालय | ७,००,०००।- |
| ५ | हुप्सेकोट मा.वि. | ६ | CIC लाई JCT | २,००,०००।- |

(५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको दोश्रो गाउँसभा वाट स्वीकृत कार्यक्रम अनुसार खेलकुद विकास क्षेत्रमा विनियोजन भएको रकम बाट गाउँपालिका स्तरीय खेलकुद विकास समितिले पेश गरेको प्रस्ताव अनुसार कार्यक्रम अगाडि बढाउने र सो अनुसारको कार्य गर्दा लागेको खर्च रकम विनियोजन खर्च शीर्षक वाट भुक्तानी दिने निर्णय गरियो ।

(६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा हुप्सेकोट गाउँपालिकाबाट स्वीकृत कार्यक्रम अनुसार वडा स्तरीय विपद व्यवस्थापन समितिको क्षमता विकास सचेतना तालिम शीर्षकमा रु १,५०,०००।– रकम विनियोजन भएकोमा प्रत्येक वडामा गई उक्त रकम बाट तोकिएको कार्यक्रम सम्पन्न रकम अपुग हुने भएकोले इसाई समाज नवालपरासी संग लागत साझेदारीमा उक्त कार्यक्रम सञ्चालन गर्ने र सो बापतको रकम इसाई समाज नवलपरासी सँग सम्झौता गरी सोही अनुसार भुक्तानी दिने निर्णय गरियो ।

(७) गाउँपालिका स्तारिय विपद व्यवस्थापन समितिको मिति २०७५/११/१५ गते बसेको वैठकको निर्णयले यस गाउँपालिकाको गिरुवारी खोलाको ३ वटै खण्डबाट नदी जन्य पदार्थ उत्खनन् निकासी संकलन को लागि ठेक्का प्रक्रियामा गई सोही अनुसार कार्य भईरहेकोमा हेभी इक्यूपमेन्ट सञ्चालन गरी खोलालाई च्यानलाइज गर्ने कार्यको लागि अनुमतीको लागि सिफारिस गर्ने निर्णय भए अनुसार जिल्ला अनुगमन तथा समन्वय समिति र जिल्ला विपद व्यवस्थापन समितिलाई हेभी इक्यूपमेन्ट सञ्चालन सिफारिसको लागि पत्राचार गर्ने निर्णय गरियो ।

(८) प्रस्ताव नं. ९ माथी छलफल गर्दा यस गाउँपालिकामा हाल सम्म आ.ले.प. शाखा गठन भै नसकेकोले चालु आ.व. २०७५/७६ को आ.ले.प. गराउने कार्यको लागि जिल्ला स्थित को .ले. नि.का कावासोती लाई अनुरोध गर्ने निर्णय गरियो ।

(९) प्रस्ताव नं.१० माथि छलफल गर्दा यस गाउँपालिका भएर चल्ने वसहरुको लागि व्यवस्थित वस पार्क नभएको कारण यत्रतत्र वस पार्किङ्ग गरिदै आएकोमा वडा नं.३ को मयूर पोखरीमा वस पार्क निर्माण गरी सो को व्यवस्थापन गर्ने निर्णय गरियो ।

(१०) प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ४ अन्तर्गतको शंखदेव दायाँ प्रणाली सिचाई आयोजनाका अध्यक्षलाई मिति २०७५/११/७ को पत्रानुसार ७ दिनको म्याद दिई निजी जग्गाको माटो, ढुङ्गा, गिटी उत्खनन् निकासीको लागि वडा कार्यालाई व्यवस्था मिलाउन पत्राचार गरिएको उक्त अनुमति सहितको पत्रलाई अनुमोदन गर्दै मिति २०७५/११/२० देखी पुन ७ दिने म्याद दिई पूर्व पत्रानुसार नै कार्य गर्ने गरी अनुमति दिने निर्णय गरियो।

(११) गाउँपालिकाको भवन पछाडि बाट बग्दै रहेको झ्यालवास कुलोले निर्माणधीन हुप्सेकोट गाउँपालिका कार्यालय लाई हानी नोक्सानी हुने देखिएकोले उक्त झ्यालवास कूलो लाई नर्सरी भन्दा पछाडी वाट तयार गरी सोही अनुसार कूलो निर्माणको लागि सम्बन्धित सरोकारवाला झ्यालवास कूलो समिति र मुसेडाँडा सामुदायिक वन समितिका पदाधिकारीहरुलाई वोलाई सो अनुसार कार्य अगाडि बढाउने निर्णय गरियो ।

(१२) यस गाउँपालिका अन्तर्गत वर्थिङ सेन्टर ,सामुदायिक स्वास्थ्य इकाई र शहरी स्वास्थ्य केन्द्र स्थपना गर्नको लागि लागत इस्टिमेट अनुसारको खर्चमा गाउँपालिकाको २५% लागत साझेदारी रहने व्यहोराको प्रस्ताव सामाजिक विकास मन्त्रालयमा पठाउने निर्णय गरियो ।

(१३) आ.व. २०७६/७७ को श्रावण वाट पूर्ण रुपमा सम्पत्ति कर लागु गरिने भएको र हाल सम्म राजश्व शाखा गाउँपालिकामा गठन भै नसकेकोले आर्थिक प्रशासन शाखा प्रमुख लाई नै राजश्व शाखा प्रमुखको समेत जिम्मेवारी दिने निर्णय गरियो ।